# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७३/०९/११ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

-------------------------------------------------------

नारायणी उप-क्षेत्रिय अस्पताल, विरगंज, पर्सामा कार्यरत मेडिकल अधिकृत पन्नालाल प्रसाद पटेलले आई.एस्सी. तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी नेपाल मेडिकल काउन्सिलबाट सदस्यता समेत प्राप्त गरी जागिर खाएकोले निजको प्रमाण-पत्र उपर छानविन गरीपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान तथा छानविन हुँदा निज पन्नालाल प्रसाद पटेलले उक्त पदमा नियुक्ति पाउने र सो हैसियतले लाभ तथा सुविधा पाउने उद्देश्यले विहार इन्टरमिडियट शिक्षा परिषद, पटना अन्तरगतको बिर कुँवर सिंह कलेज, पटना, भारतबाट सन् १९९५ मा आई.एस्सी उत्तिर्ण गरेको झुठ्ठा शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज पन्नालाल प्रसाद पटेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलव्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिबिधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(गणेश राज कार्की)
सह-सचिव एवं प्रवक्ता